

बाल सन्दर्भ सामग्री – २०

# बाल मेला



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# बालमेला



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

चित्राङ्कन कर्ता
टार्जन राई

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ — पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | शीर्षक | कवि | पृष्ठ |
|---|---|---|---|
| १. | फोनमा बोल्ने म हो | माधव घिमिरे | ५ |
| २. | रमाइलो | कृष्णप्रसाद पराजुली | ६ |
| ३. | कालोपाटी | दुर्गालाल श्रेष्ठ | ७ |
| ४. | नानी बाबु | क्षेत्रप्रताप अधिकारी | ८ |
| ५. | हामीलाई | दैवज्ञराज न्यौपाने | ९ |
| ६. | आमा जस्ती गुरुमा | रामबाबु सुवेदी | १० |
| ७. | चकचके फुच्चे खरायो | गोरख ब. सिंह | ११ |
| ८. | साथी आइदिऊँ कि | रमेशचन्द्र घिमिरे | १२ |
| ९. | पुस्तक | रामबाबु सुवेदी | १३ |
| १०. | चन्द्रसूर्य झन्डा हेर फरर | माधव घिमिरे | १४ |
| ११. | मेरो राजा | दुर्गालाल श्रेष्ठ | १५ |
| १२. | हाट बजार | रामबाबु सुवेदी | १६ |
| १३. | सुनाखरी | क्षेत्रप्रताप अधिकारी | १७ |
| १४. | राम्रो हुन्छ बानी | दैवज्ञराज न्यौपाने | १८ |
| १५. | घान्द्रुक | रामबाबु सुवेदी | १९ |
| १६. | चम्काउन पाए पुग्छ | कृष्णप्रसाद पराजुली | २० |
| १७. | हजुरआमासँग | दुर्गालाल श्रेष्ठ | २१ |
| १८. | डल्लेठो | रामबाबु सुवेदी | २२ |
| १९. | म हुँ सानी नानी | दैवज्ञराज न्यौपाने | २३ |
| २०. | अस्ति शनिबार | दुर्गालाल श्रेष्ठ | २४ |
| २१. | फागुले बोलायो | रामबाबु सुवेदी | २५ |
| २२. | लाहुरे | क्षेत्रप्रताप अधिकारी | २६ |
| २३. | यौटै हुन्छ रानो | दैवज्ञराज न्यौपाने | २७ |
| २४. | सुन्दर गीत गाऊँ | गोरख ब. सिंह | २८ |
| २५. | गुराँस फुल्यो | कृष्णप्रसाद पराजुली | २९ |
| २६. | ढाडे बिरालो | प्रभा भट्टराई | ३० |
| २७. | कविता | दुर्गालाल श्रेष्ठ | ३१ |
| २८. | टौवा | रामबाबु सुवेदी | ३२ |
| २९. | बालमेला | माधव घिमिरे | ३३ |
| ३०. | उठ उठ | प्रभा भट्टराई | ३४ |
| ३१. | चस्मा हरायो | गोरख ब. सिंह | ३५ |
| ३२. | खाऊँ खाऊँ काँकरी | कृष्णप्रसाद पराजुली | ३६ |

# फोनमा बोल्ने म हो !

माधव घिमिरे



हलो ! हलो ! ओहो !

फोनमा बोल्ने को हो

फोनमा बोल्ने म हो !



म हो भन्ने को हो ?

म हो भन्ने मै हो

के हो तिम्रो नाउँ ?

नानी मेरो नाउँ ।





धन्यवाद नानी !

तिमी कति ज्ञानी !

# रमाइलो

कृष्णप्रसाद पराजुली

पूर्व चढ्यो लाली
रङ रङ हाली, देख्दै रमाइलो ।



चिरिबिरी चिर्र
चरी बोल्यो सुर्र
कति राम्रो बोली
मिलाएर लोली, सुन्दै रमाइलो ।




हट्दै गयो कालो
आयो जाग्ने पालो
हावा चल्यो मिठो
मान्छे राम्रो छिटो, भन्दै रमाइलो ।

आँखा त्यतै झुल्यो
जता घाम खुल्यो
सऱ्यो पर छाया
लायो दिनले माया, हेर्दै रमाइलो ।



# कालोपाटी





दुर्गालाल श्रेष्ठ

तिम्रो कक्षाकोठाको म
भित्ताको हुँ पाटी
जिउ मेरो देखेकै छौ
कालो छु है साथी !

प्रेम गर, घृणा गर
जे गर ममाथि
म त सधैँ माया गर्छु
तिमीलाई साथी ।

भैँसी कालो हुन्छ तर
उसले दुध दिन्छ
तिमीलाई थाहै छ नि
दुध कस्तो हुन्छ !

म पनि त त्यस्तै हुँ नि
हो कि होइन साथी !
प्रेम गर घृणा गर
जे गर ममाथि ।



# नानी बाबु

क्षेत्रप्रताप अधिकारी

घाम जस्ता बाबुहरू
जुन जस्ता नानी
अँधरीमा बत्ती बन
पँधेरीमा पानी ।



आज राम्रो पढ बाबा
भोलि राम्रो हुन्छ ।
तिमी राम्रो भयौ भने
देशै राम्रो हुन्छ ।



नेपाल अझै ठुलो हुन्छ
तिमी बढेपछि
हिमाल अझै अग्लो हुन्छ
तिमी चढेपछि ।

स्वर्गभन्दा ठुलो हुन्छ
आफ्नो मातृभूमि
बुझिराख सम्झिराख
आजैदेखि तिमी ।



बुद्धजस्तै शुद्ध तिमी
युद्ध नगर्नु है !
तर देशको रक्षा गर्न
पछि नपर्नु है !

# हामीलाई



दैवज्ञराज न्यौपाने

हिउँचुलीमा हिउँ पऱ्यो
जाडो भयो हामीलाई
हामी चाँडो घर जान्छौँ
घन्टी हान पालेदाइ ।



पानीमाथि ऐना जमी
हेर्न थाल्यो हामीलाई
छुन पनि डर लाग्छ
ठिहिऱ्याउने पानीलाई ।



जाडो ढाक्ने न्यानो लुगा
सिइदेऊ न दर्जी दाई
सिरेटाको मुटु काँप्छ
स्याँठ चल्दा हामीलाई ।



घाम लागे पनि हुन्थ्यो
हुस्सु फाटे पनि हुन्थ्यो
यो पुसको जाडो कतै
टाढा भागे पनि हुन्थ्यो ।

# आमाजस्ती गुरुमा

रामबाबु सुवेदी

हाँस्दै हाँस्दै आउँदा
आमा जस्ती गुरुमा
लजाएर बसेँ म
सुरुसुरुमा ।



ए सर्मिला ! भनेर गुरुमाले बोलाउँदा
पैलोचोटि कक्षामा
थुरुथुरु म ।

गुरुमाका मायालु
बचन र बोलीमा
हिंड्न थालेँ आखिर
खुरुखुरु म ।



माफ पाऊँ गुरुमा !
के के भयो सुरुमा
आजभोलि कक्षामा
फुरुफुरु म ।

# चकचके फुच्चे खरायो

गोरखबहादुर सिंह



हैन यो गैँडा, जेब्रा यो
हैन यो हात्ती जरायो
पाटे बुट्टे, लामकाने
चकचके फुच्चे खरायो ।




गाजर खान्छ फुच्चेले
रिसले गाली गरे झैँ ।
खाएर टन्न अघाए
पल्टन्छ साँच्चै मरे झैँ ।


आइज यता भन्यो कि
उतातिर कुद्ने यो
खोरमा थुनुँ भन्यो कि
करेसामा पुग्ने यो ।



बुर्कुसी मात्रै मार्ने यो
राम्ररी हिँड्नै नजान्ने
आफ्नै मनले कुद्ने यो
भनेको मान्दै नमान्ने ।



बिरालाको डर लाग्छ,
लिएर कतै जाऊँ भने
लाग्छ माया फुच्चेको
भुटीभाटी खाऊँ भने ।



हैन यो गैँडा जेब्रा यो
हैन यो हात्ती जरायो
पाटे बुट्टे लामकाने
चकचके फुच्चे खरायो ।

# साथी आइदिऊँ कि

रमेशचन्द्र घिमिरे



एक्लै भयौ मेरो सानु
साथी आइदिऊँ कि !
पापाचिची मिचीमिची
क्वाप्प ख्वाइदिऊँ कि !



कति राम्रो सुहाएको
टुँडो पसारेको
हेर्न मन लागेको छ
खुट्टा बजारेको ।

नाच्छौ भने मेरो राजा
गीत गाइदिऊँ कि !
एक्लै भयौ मेरो सानु
साथी आइदिऊँ कि !






नौनी जस्तो शरीरमा
छोए चस्स दुख्छ
पिट्नुहुन्न एकोहोरो
हेरिदिए पुग्छ ।

पकुल्टे त्यो गालामाथि
म्वाइँ खाइदिऊँ कि !
एक्लै भयौ मेरो सानु
साथी आइदिऊँ कि !

# पुस्तक

रामबाबु सुवेदी

पुस्तकका पानामा
अक्षरका दाना छन्
दाना ठुला साना छन्
तिनैमा छ मेरो मन ।



पुस्तकका गातामा
भित्र पातैपातमा
चित्र थरीथरीका
चिरिबिरी चरीका ।




कतै मिठा कविता
कतै मिठा कहानी
पढ्नेलेख्ने मान्छेले
भेट्छ मिठो बिहानी ।




अक्षर टिपी खाऊँ कि !
चित्रै उनी लाऊँ कि !
पुस्तक तँलाई च्यापेर
संसार घुम्न जाऊँ कि !

# चन्द्रसूर्य झन्डा हेर फरर !

माधव घिमिरे






दिउँसो लाग्ने घाम राती लाग्ने जुन
एकैचोटि लागे कस्तो हुन्थ्यो भन !
यति कुरा हेर्न कति रहर
नेपालको झन्डा हेर फरर !

दाजु जस्तो घाम बहिनी जस्ती जुन
एकैचोटि हाँसे कस्तो हुन्थ्यो भन !
यति कुरा हेर्न कति रहर
नेपालको झन्डा हेर फरर !





ज्ञान जस्तो घाम गुन जस्ती जुन
एकैचोटि पाए कस्तो हुन्थ्यो भन !
यति कुरा हेर्न कति रहर
नेपालको झन्डा हेर फरर !

# मेरा राजा

दुर्गालाल श्रेष्ठ



घिन्तिङ घिन्तिङ मेरो राजा
मादल घन्काउँछ
नाची नाची कम्मर भाँची
आँखा सन्काउँछ ।



हात नचाउँछ कैले
काँध मर्काउँछ
जे गरे नि मेरो राजा
हिस्सी तर्काउँछ ।

ताल सुर हुन्छ उसको
आफ्नै अन्सार
हाम्रोभन्दा बेग्लै उसको
आफ्नै संसार ।

कैले रोइदिने, कैले
वीर होइदिने
मेरो राजा नदी हाम्रो
पिर धोइदिने ।



# हाट बजार

रामबाबु सुवेदी



रामा्र लुगा लाएर
मिङ्मा गई बजार
बजारमा भेटिए
साथी हजार ।



यौटा साथी सुर्खेते
अर्को साथी पुर्कोटे
च्याङ्लुङ्गे र म्याङ्लुङ्गे
धुन्चे धुर्कोटे ।



साथीभाइ भेटिँदा
मिङ्मा भई फुरुक्क
धुवाँले र धुलाले
तर धुरुक्क ।



हाट बजार भनेका
गुलाबका फुल हुन्
यो फुलका डालीमा
काँढा पनि छन् ।

# सुनाखरी

क्षेत्रप्रताप अधिकारी

सुन मेरा बैनीहरू !
सुन मेरा भाइ !
सुनाखरी बारे केही
भन्छु तिमीलाई !

कतै भन्छन् सुनगाभा
कतै सुनाखरी
सेतो चाहिँ चाँदीगाभा
नाउँ थरीथरी ।

रुखमाथि फुल्दछ यो
रुखैमाथि झुल्छ
हरहर बास्ना छर्दै
हावासित डुल्छ ।

तिमी जस्तै राम्रो हुन्छ
यो फुलको रङ
फुल्न सिक तिमी पनि
यही फुलसँग ।

पढ, लेख, अघि बढ
नानी ! बाबु ! भाइ !
फुल जस्तो हाम्रो माया
सधैँ तिमीलाई ।



# राम्रो हुन्छ बानी

दैवज्ञराज न्यौपाने

हामी साना कोपिला हौँ
रङ भर्ने डाली
काँढाबाटा जोगिएर
आयो फुल्ने पाली ।



साना साना साथी हामी
सबै मिली आयौँ
हाँसीखेली रमाउँदै
नौलो भाका ल्यायौँ ।



ढकमक्क वनै राम्रो
मनै राम्रो पारी
संसारलाई दिन आयौँ
पौरखको बारी ।

सिर्जनाका धन हामी
धर्ती घर हाम्रो
यसैलाई माया गरी
पार्नुपर्छ राम्रो

शुद्ध हावा शुद्ध पानी
स्वस्थ जिन्दगानी
दुर्गुणको मैलो बिना
राम्रो हुन्छ बानी ।



# घान्द्रुक




रामबाबु सुवेदी

घान्द्रुक गाउँ कस्तो छ !
फुल जस्तो छ
प्रकृतिको हरियो
झुल जस्तो छ ।

गुरुङको बस्तीमा
गस्ती गस्तीमा
लालाबालाहरू छन्
आफ्नै मस्तीमा ।





पुराना छन् कचौरा
पुराना छन् थाल
मान्छे सबै सोझा छन्
माया फालाफाल ।


गल्लीपारि दिदीको
दुईपाखे घर
गल्लीवारि चौतारी
पीपलु र वर ।



हृदयको फेदीमा
मोदी सलल
माछापुच्छ्रे छायामा
देशै झलल ।

# चम्काउन पाए पुग्छ

कृष्णप्रसाद पराजुली



खुल्दा हुन्छ जुन राम्रो, लाग्दा राम्रो घाम
चम्काउन पाए आफ्नै देशको नाम ।



चरी बोल्यो रुख माथि
हुन्छन् खुसी सँगीसाथी
बत्ती बले गाउँ गाउँमा
रम्छ जुन पनि राती ।



फुल्दा हुन्छ फुल राम्रो, गर्दा राम्रो काम
चम्काउन पाए पुग्छ आफ्नै देशको नाम ।

पहाड तराई झम्म झम्म
अन्न फल भए टम्म
आशा कसको गर्नुपर्छ !
लाग्छ घाम भित्रैसम्म ।

बग्दा हुन्छ छाँगो राम्रो, सुन्दा राम्रो गान
चम्काउन पाए पुग्छ आफ्नै देशका नाम ।

# हजुरआमासँग

दुर्गालाल श्रेष्ठ

हजुरआमा ! हेर्दा हेर्दै हजुरको चित्र
पूजा गरुँ गरुँ जस्तो लाग्छ मनभित्र ।



सेतो सेतो हजुरको
सफा त्यो कपाल
हेर्दै मेरो मन भन्छ
त्यही हो हिमाल ।



धर्सैधर्सा, मुजामुजा
परेको निधार
त्यसमा झन् देख्दछु म
नेपालै नेपाल ।

बुबा मलाई जुन माया
दिनुहुन्छ ऐले
हजुरैले दिनुभाको
थियो रे त्यो पैले ।



लेख्नु पढ्नु भनेको नै
यस्तै कुरा सुन्नु
जतिसम्म बुझिँदैन
मनमनै गुन्नु ।


हजुरआमा ! गर्छु म राम्रा राम्रा काम
राख्छु, राख्छु पक्कै राख्छु हजुरको नाम ।

# डल्लेठो

रामबाबु सुवेदी



बारीभरि डल्ला छन्
कता पऱ्यो डल्लेठो
आफैँ काम गरेर
डल्ला फोर्छु म
मोतीदाना छरेर
डाला भर्छु म ।



डल्लेठाका डल्लामा
डल्ला फोर्ने शक्ति छ
साथीभाइ नजुटे
डल्लाहरू फुट्दैनन्
जुटौँ भन्छु म ।



डल्लेठालाई उचाल्दा
बजार्दा र थेचार्दा
म छु हैरान
हैरानमा दुःख छ
दुःखैभित्र सुख छ
छैन नभन ।




सुन मेरा साथी हो !
डल्लेठोको घर हो
सानो धन्सार
संसारका डल्लेठा
एकै चोटि उठेमा
बन्छ संसार ।

# म हुँ सानी नानी

**दैवज्ञराज न्यौपाने**




सिर्जनाकी पानी हुँ म
सानी सानी नानी
सिकाइदेऊ राम्रो हुने
असल हुने बानी ।



घाम देऊ तातो मलाई
जुन देऊ ज्योति
राख्न सकूँ हत्केलामा
पौरखका मोती ।



फुलभन्दा पनि राम्रा
इन्द्रेणीको माला
त्यस्तै माला रुचाउने
म हुँ सानी बाला ।



चरी जस्तै रमाएर
हँसाउन सक्ने
पानी जस्तै कल्कलाई
भिजाउन सक्ने ।



सबै भन्छन् सानी मलाई
कर्कलाकी पानी
सानैदेखि राम्रो भए
राम्रो हुन्छ बानी ।

# अस्ति शनिबार


दुर्गालाल श्रेष्ठ



हुन त यो शनिबार
मेरो पनि बिदाबार
तर साथी ! खुसी भने छैन ब्यारे म ।

आमा मन्दिर जानुहुन्छ
मलाई पनि लानुहुन्छ
कसो कसो लाग्दै आयो नजाऊँ क्यारे म ।

अस्ति शनिबार पनि
मन्दिरमा जाँदा छ नि !
भित्र भित्र कतकता कोक्किएँ झन् म ।



चारैतिर थाङ्ने माग्ने
झुत्रेझाम्रे माया लाग्ने
मभन्दा नि भन्ट्याङ् भुन्टुङ् कति रहेछन् ।

बिहानको जाडोयाम
न त कतै थियो घाम
सिरसिरी चल्दै थियो चिसो बतास ।

थुरुथुरु कामेका ती
चिचीभुँडीहरू देखी
सिमसिम रुँदै थियो माथि आकाश ।

# फागुले बोलायो

रामबाबु सुवेदी



फागुन आयो फागुन आयो फागुले बोलायो
म रातै हुँदा फागुले छुँदा संसारै टोलायो ।

हातमा रातो अबिर लिई तराई दगुरी
हिमाल पनि भएछ आज सुनको गजुरी
चतुरेलाई रँगाई छाडी चन्मती नानीले
लोभ्यायो मलाई अबिर खेल्ने नानीका बानीले ।



टोलीका टोली मिलेर होली खेलेको देखेर
हजुरआमा आउनुभयो लउरी टेकेर
उहाँका मुजा परेका गाला रँगाऊँ साथी हो !
नातिनासँग रमाई खेल्ने नेपाली जाति हो ।



भगुवालाई पनि यो फागु नदली हुँदैन
अबिरै परोस् आँखामा आज मानिस रुँदैन
रङमा ढङ्ग मिलाएपछि संसारै रसिलो
रङमा ढङ्ग मिलेन भने संसारै अमिलो ।


# लाहुरे

क्षेत्रप्रताप अधिकारी



खैँजडीमा चुड्का बज्यो
मादलुमा झ्याउरे
तिम्रो माया धेरै लाग्यो
फर्की आऊ लाहुरे

दुखी भयो हाम्रो गाउँ
सुखी भयो विदेश
तिमीबिना रुँदै छन्
हाम्रा भोट मधेस ।



तिम्रो बाटो हेर्दाहेर्दै
दुखिसके नानी
वनै सुके, मनै सुके
सुकिसके पानी ।



आऊ अब मिठो पिठो
बाँडीचुँडी खाऊँ
स्वदेशको मुरलीमा
मिठो गीत गाऊँ ।

# यौटै हुन्छ रानो

दैवज्ञराज न्यौपाने



देश हाम्रो हिमचुलीले सजाएको छानो
मौरी हुन्छन् थरीथरी यौटै हुन्छ रानो ।

लेकवेसी तराईले मिलेको छ ठाउँ
सबै भन्छन् स्वर्गभूमि नेपाल हो नाउँ
जहाँ जाऊँ राम्रो लाग्छ हेरिरहुँ जस्तो
जुनीजुनी फर्किएर खेलिरहूँ जस्तो ।

यसैका हौँ स्वप्न हामी सिर्जनाका डाली
पुर्खा जस्तै सन्त ज्ञानी वीर शक्तिशाली
बघिनीका बच्चासरि हुर्किएर आयौँ
संसारमा नाम राख्ने राम्रो देश पायौँ ।



सबै मिली उठ्नुपर्छ, सबै जुट्नुपर्छ
देश हामी सबैको हो, सबै खट्नुपर्छ
छिर्के हान्ने, खोइरो खन्ने राम्रो हैन बानी
सिर्जनाले शक्ति दिन्छ, पौरखले पानी ।

# सुन्दर गीत गाऊँ

गोरखबहादुर सिंह



मैदान जाऊँ कि पहाड जाऊँ,
भन्ज्याङ वा स्वच्छ हिमाल जाऊँ,
पुग्छु जहाँ लाग्छ उतै रमाऊँ,
नेपालकै सुन्दर गीत गाऊँ ।

यी घामछाया रसिला यहीँकै,
यी गाउँबस्ती हँसिला यहीँकै,
काली कि मेची, तिलिचो कि रारा,
बिछट्ट राम्रा वनभीर सारा ।





डाँफे अनौठा र मुनाल राम्रा,
यी फाँटबँसी वनकुञ्ज राम्रा,
बाली झुलेको छ तराई राम्रो
यो देश मेरै छ मलाई राम्रो ।

पाखा सजाऊँ कि गुराँस फुल्दै,
बस्ती हसाऊँ कि त चैन डुल्दै,
खाँचा उखेली कसरी म फालूँ ?
यो देश मेरो कसरी सिँगारुँ ?



# गुराँस फुल्यो

कृष्णप्रसाद पराजुली



गुराँस फुल्यो पाखामा
हिमाल झुल्यो आँखामा ।

खर्कमा चौँरी चर्दै छ
छाँगामा पानी झर्दै छ
चरीले बेग हालेर
सुरिलो भाका छर्दै छ ।

किन यो घाम झुल्कन्छ !
किन यो तारा टल्कन्छ !
जान्न र बुझ्न भनेर
मन यो हाम्रो कल्पन्छ ।



हिमालैमाथि हिउँ राम्रो
फेदीमा हेर्दा गाउँ राम्रो
जीवनमा घाम लागेरै
चम्कँदै जान्छ नाउँ हाम्रो ।

# ढाडे बिरालो



प्रभा भट्टराई

कालो सेतो टाटेपाटे
कस्तो हो यो बिरालो
लुसुलुसु लुसुलुसु
झर्छ ओरालो ।



ढोकाबाट भान्छातिर
हेर्छ पुलुक्क
देखा पर्छ दलानमा
कैले झुलुक्क ।





जाडोमा यो चुलोभित्र
पर्छ गुजुल्टो
दुध चोरी खाइदिन्छ
खान्छ अगुल्टो ।



ङ्यार्र ङुर्र ङ्यार्र ङुर्र
मुसा लघार्छ
कैले बस्छ भोकभोकै
कैले डकार्छ ।



छाउरा छाउरी ङ्याउँ ङ्याउँ
गर्छन् कुनामा
माया लाग्छ दुधभात
दिन्छु दुनामा ।

# कविता



दुर्गालाल श्रेष्ठ

झ्यालैमा बसी हेर्दै म थिएँ
नियाली आकाश
बादलसँग खेल्दैथ्यो माथि
बयेली बतास ।

कहिले सुन्थेँ चराले पनि
पढेका कखरा
कहिले देख्थेँ फिजाई प्वाँख
उडेका अप्सरा ।





टन्टा र सन्टा कता हो कता !
हराए बिलाए
अनेकथरी कुराका टुसा
मनैमा पलाए ।

भावना बोकी भल्भली बगे
शब्दका सरिता
पछाडिबाट बहिनी बोली
क्या मिठो कविता ।



# टौवा

रामबाबु सुवेदी




खाँबामाथि बलोलाई
तेर्सो पारेर
छोपेँ साना साटाले
स्याउला र भाटाले
मैले टौवा बनाएँ
आफ्नै हातले ।

मुनो गाडेँ माझमा
व्यस्त भएँ काजमा
दयँरालाई बोलाएँ
साँझ साँझमा
दयँराले ओसारे
परालका लुँडिया
आज मेरो टौवा नै
मेरो गुडिया ।



भैँसी बाँधी टौवामा
दुध दुही गौवामा
दयँरालाई भरे म
खुवाउँछु खिर
टौवामाथि कौवा छ
दुध चोर्ने हौवा छ
साथी भाइ साथ छन्
छैन मलाई पिर ।



# बालमेला

माधव घिमिरे



हेर बालक त्यहाँ
कति राम्रो आहा !
एक्लै खेलिरैछ
संसार भुलिरैछ ।

चल्यो हावा हरर
खेलूँ खेलूँ रहर
घामछाया लोलाई
आए बिनु बोलाई ।



सेतु कालु पनि
आए खेलूँ भनी
ठुली सानी पनि
आए साथी बनी ।

सबै जना साथी
बिनु जातिपाती
भए खेल्न भेला
कति राम्रो मेला ।



# उठ ! उठ !!

प्रभा भट्टराई



उठ ! उठ ! !
उज्यालो भो
कुखुरी काँ ! !
उठ्यो मने खोरमा
मुनीमुनी  म्याँ ! !

चरी उड्यो कल्याङकुलुङ
गर्छ रुखमा
नानी बाच्छी बाँ ! बाँ ! !
गाई गोठमा
मन्दिरमा घन्टी बज्यो
टिनिनिनी ट्वाँ ! !
उठ्यो मने खोरमा
मुनीमुनी म्याँ ! !



मेरो बाबा ! बाहिर हेर
कल्ले बोलायो !
दाँत माझ, मुख धोऊ
चिया सेलायो
पढ्न जान ढिलो होला
रुनुपर्ला ह्वाँ ! !
उठ्यो मने खोरमा
मुनीमुनी म्याँ ! !


# चस्मा हरायो

गोरखबहादुर सिंह

दौडी हिँड्ने जरायो, उफ्री हिँड्ने खरायो
हजुरबाको गान्धी चस्मा कता हरायो ।

दराज टेबुल घर्राभित्र छेउ कुना खोजेँ
कोठा चोटा बार्दलीमा आँगनमा खोजेँ ।
खोज्दा खोज्दा थाकिसकेँ मरे भेटिँदैन
"भेटिन्छ कि ?" हजुरबाको आशा मेटिँदैन ।

गाउँ डुल्न जानुभाथ्यो उतै खस्यो कि त
फुलबारीमा कतैतिर लुकी बस्यो कि त
राख्नु भयो कि कतैतिर बिर्सने छ बानी
भेट भो कि सोध्नुहुन्छ, "चस्मा भेट्यौ नानी ?"



किनौँ भने नयाँ चस्मा टाढा पर्ने सहर
नखोजुँ त हजुरबालाई पढ्न सारै रहर ।
बिहान पढ्ने हाल खबर साँझ रामायण
कता पऱ्यो गान्धी चस्मा हरि नारायण ।

दौडी हिँड्ने जरायो, उफ्री हिँड्ने खरायो
हजुरबाको गान्धी चस्मा कता हरायो ।

# खाऊँ खाऊँ काँकरी

कृष्णप्रसाद पराजुली





खाऊँ खाऊँ काँकरी
भन्छ मनको चाँचरी ।

खेतबारी, पाखामा
बाली लाग्छ माटामा
हुन्छ धर्ती भरिलो
खुल्छ खुसी आँखामा ।

झर्‌झर् पानी झर्झरी
छुँदै फाँट टाकुरी
खाऊँ खाऊँ काँकरी
भन्छ मनको चाँचरी ।



हेरी जुन घाममा
नाचूँ बर्खा याममा
हाँस्दै खेल्दै जाउँला
छाता ओढी काममा ।



फुलै फुलोस् बाबरी
चलोस् बास्ना हर्हरी
खाऊँ खाऊँ काँकरी
भन्छ मनको चाँचरी ।